# अञ्चलवासी समक्ष अनुरोध

जुलाई २३ तारिख

फुकुओका अञ्चल

○ हालसम्म यस अञ्चलका नव सङ्क्रमित सङ्ख्यामा तीव्र गतिमा वृद्धि भइरहेको छ । यही अवस्थामा सङ्क्रमण निरन्तर फैलने र स्वास्थ्योपचार गराउने निकायलाई पेल्दै जाने क्रम चलिरहने हो भने, पुन: कामकाज तथा व्यापार व्यवसाय स्थगनमा सहयोग गर्नुपर्ने जस्तो गम्भीर अनुरोध गर्न बाध्य हुनुपर्नेछ । अहिले अत्यन्त महत्वपूर्ण समय हो । "कुनै हालतमा पनि यो भन्दा बढी सङ्क्रमण फैलन नदिने ", हरेक व्यक्तिको सजगता तथा व्यवहारमा निर्भर रहेको छ ।

(1) सर्वप्रथम, अञ्चलवासीलाई, " अन्य व्यक्तिलाई नसार्ने", " अन्य व्यक्तिबाट आफूमा नसार्ने ", " आफूलाई सङ्क्रमण भएको हुनसक्छ " भन्ने सोच सदैव ध्यानमा राख्नुहोस् ।

① घरबाट बाहिर निस्कँदा, आफ्नो स्वास्थ्य अवस्था सर्वप्रथममा, दोस्रो, आफू पुग्ने ठाउँको सङ्क्रमण अवस्था, प्रयोग गर्ने घर भवनको सङ्क्रमण रोकथामका गतिविधिको निश्चय गरी, निस्कनु पर्ने आवश्यकताको बारेमा निर्णय गर्नुहोस् ।

विशेष गरी, हालका दिनहरूमा "ग्राहकसँगै बसेर खानापिनाको सत्कार गर्ने भोजनालय" मा सङ्क्रमणका समाचार धेरै सुनिन्छ । रोकथामका गतिविधि पर्याप्त नगरिएको भोजनालयको प्रयोग नगर्नुहोस् ।

② साथै, बाहिर निस्कने बेला "मास्क प्रयोग", "हात धुने", "अन्य व्यक्तिसँगको दुरी", "सान मिचु(बन्द कोठा,धेरै मान्छेको एकैठाउँमा जमघट, हात मिलाउने वा आलिङ्गन गर्ने)बाट टाढा रहने", यी बुँदाहरूको पालना गर्नुहोस् ।

(2) उप्रान्त, व्यवसायीहरू समक्ष

① हरेक पेसा अनुसारको गाइड लाइनमा आधारित भई, सङ्क्रमण रोकथामका गतिविधि, विशेष गरी, "ग्राहकसँगै बसेर खानापिनाको सत्कार गर्ने भोजनालय"ले अझ सशक्त रोकथाम गतिविधि गर्नुहोस् ।

② साथै, भोजनालयमा आउने व्यक्ति वा त्यस्ता घर भवनमा आउने व्यक्तिले बुझ्ने गरी देखाएर राख्नुहोस् ।

○ हाल, सङ्क्रमण हुनेमा २० वर्ष माथि वा ३० वर्ष देखि ४० वर्ष सम्मका युवायुवतीहरूले ५०% जति ओगटेका छन् भने लक्षण नदेखिएका व्यक्ति अधिक रहेका छन् । विशेष गरी युवायुवतीहरूले, गम्भीर लक्षण देखापर्ने सम्भावना रहेका वृद्धवृद्धा, दीर्घरोगीका व्यक्ति तथा विद्यार्थी जीवन सुरु गरेका बालबालिकामा सङ्क्रमण फैलन नपाओस् भनी यहाँ उल्लेख गरिएको कुराको इमानदारीका साथ पालना गरिदिनुहोस् भनि अपेक्षा राख्छौं । सहयोगका लागि अनुरोध गर्दछौं ।